# THE SCHOOL DISTRICT OF PHILADELPHIA

## OFFICE OF THE SUPERINTENDENT

**440 NORTH BROAD STREET, SUITE 301**

**PHILADELPHIA, PENNSYLVANIA 19130**

**WILLIAM R. HITE, JR., Ed.D.**
***SUPERINTENDENT***

**TELEPHONE (215) 400-4100**
**FAX (215) 400-4103**

अगस्ट १५, २०१४

अधिक्षक विलीयम आर हाइट द्वरा लेखिएको खुला पत्र:

आज बिद्यालयहरु खुल्ला हुनु भन्दा तीन हप्ता अगाडि हामीले फेरी धेरैनै गाह्रो बिकल्प बनाउनु पर्ने अवस्थामा परेका छौं। हामीले एक महिना अगाडि घोषणा गरे जस्तै हाम्रो हालको वार्षिक बजेटमा ८१ करोड डलरको कमी छ जस्लाई पैसा उठाइ र खर्च घटाइ समाधान गर्नु पर्ने हुन्छ।

परिवारहरुको व्यवधान कमी गर्न, बालकहरुको शिक्षाको लागि र बिद्यालयहरु ठीक समयमा खोल्न हामीले अतिरिक्त, गाह्रो र अस्थायी कटौटी गर्ने निर्णय लिएका छौं।

हामीले बिद्यालय ठीक समयमा नखोलेको खण्डमा विद्यार्थी र परिवारलाई पर्ने कष्ट र विद्यार्थीहरुको लागि कक्षाको समयमा कमी हुने बारे बिचार गरी यो निर्णय लिएका छौं। विद्यार्थीहरुलाई शिक्षा प्राप्त गर्ने मौका अधिक्तम बनाउने यो बिद्यालय जिल्लाको प्राथमिकता हो। बिद्यालय खोल्न ढिलो हुँदा पनि हामीले हाम्रा कर्मचारीहरुलाई पैसा तिर्नै पर्ने, चार्टेर बिद्यालयहरुलाई पनि पैसा दिनै पर्ने हुन्छ र अरु खर्चहरु पनि भोग्नै पर्ने हुन्छ तर यो बेलामा हाम्रो विद्यार्थीहरुले शिक्षा पर्प्त गर्ने छैन जस्ले गर्दा हामीले वयस्कहरुको असफलताको लागि विद्यार्थीहरुलाई सजय दिएको जस्तो हुन्छ।

थप पैसा प्राप्त गर्ने निश्चित भए पछी मात्र बिद्यालय खोलेको खण्डमा हाम्रो बजेटको कमी बढ्ने छ जस्तै थप विद्यार्थीहरु चार्टेर बिद्यालय जाने छन्।

हामीले राज्यपाल र बहुमत सांसद नेताहरुले आउँदो महिनामा सांसद फर्केपछी चुरोटमा कर लगाउने कानुन पास हुने सुनिश्चित गर्न सक्ने सम्पूर्ण कुराहरु गर्नेछन् भनेर सार्वजनिक रुपमा भनेका छन्। यो कार्यमा हामी फिलाडेल्फियाको मेयर र नेताहरुको सहयोगको कदर गर्दछौं।

सम्पूर्ण कुराहरु हेरी हामीले ठीक समयमा थप कटौटी गरी बिद्यालय खोल्ने निर्णय गरेका छौं किन भने यो हाम्रो विद्यार्थी र परिवारहरुको लागि कम कष्ट हुने निर्णय हो। त्यसै कारण हामीले यि सेवाहरु घटाउदै छौं:

- बिद्यालयको दुई (२) माइल भित्र बस्ने उच्च माध्यमिक बिद्यालयका विद्यार्थीहरुले यातायातको सेवा प्राप्त गर्ने छैनन (१.५ माइलबाट बढेको)। यसै कारण बिद्यालय जिल्लाको चार्टेर र गैर सार्वजनिक बिद्यालयका लगभग ७५०० विद्यार्थीहरुले यातायातको सेवा प्राप्त गर्ने छैनन्।

- स्नातक कार्यक्रममा भाग लिने धेरै मार्ग सेवामा कमी आउँदा लगभग ३०० जाना विद्यार्थीहरु प्रभाव हुने छन् जस्ले गर्न विद्यार्थीहरुलाई कम उच्च माध्यमिक बिद्यालय बिकल्प हुने छ।

- हाम्रो सब्बै भन्दा चुनौती पूर्ण बिद्यालयहरु प्रोमिस अकाडेमीहरुका शिक्षकहरुलाई व्यवसाइक बिकास र तैयारी कार्यक्रमहरु हटाइने छ।
- बिद्यालयहरुको सफा कम हुन्छ र सफा गर्ने सामाग्री पनि कम गरिन्छ र मर्मतहरु पनि ढिलो हुने छ।
- बिद्यालय जिल्लाले प्रहरीको खाली पद पुरा गर्ने छैन जस्ले गर्दा बिद्यालयको बातावरण र सुरक्षा सहयोग गर्ने प्रहरीहरु कम गरिने छ।
- अतिरिक्त बिभागमा कर्मचारी घटाइन्छ जस्ले गर्दा बिद्यालय र परिवारहरुको लागि प्रत्येक्ष सहयोगमा कमी हुन्छ। हाम्रो स्टाफ सदस्यहरु सँग गरिने प्रकृयाहरुको बेला यि कुराहरुको थप विवरणको घोषणा गरिने छ।

हामीले महत्वपूर्ण बिक्रेताहरु सँग कम मुल्यको बारे छलफल गर्न सकिने, बिद्यालय जिल्लाका भवनहरु बेची पैसा अर्जन गर्न सकिने, हाम्रो चार्टेर बिद्यालयहरुकोलागी बुक्तानी राज्य द्वारा भर्ना तहकोलागी व्यवस्थापन गरिने छ भनेर हामी अनुमान गरीरहेका छौँ तर यि कुराहरु धेरै जोखिम अनुमानहरु हुन।

हाम्रो मुख्य कार्यहरुमा कटौती गरिरहेको बेलामा हामी हाम्रा बजेट मिलाउने व्यक्तिहरुलाई र श्रम सँगहरुलाई हाम्रो बिद्यालयलाई र बालकको शिक्षा अनुभव हानी हुनबाट रोक्न बिन्ती गर्दछौं।

हामी हाम्रा सांसदहरुलाई फिलाडेल्फियामा मात्र चुरोटको कर लागु गर्न बिन्ती गर्दछौँ सो न्याय अक्टोबर १ तारीख भन्दा अगाडि लागु गरेको खण्डमा लगभग ४.९ करोड डलर उत्पन्न गर्न सकिन्छ। यो करको प्राधिकरण गर्न हरेक महिना ढिलो गरिएको खण्डमा लाखौं डलरको हानी हुने छ।

प्रधानाध्यापक, मजदुरी गर्ने कर्मचारीहरु र प्रतिनिधित्व नभएका स्टाफ सदस्यहरुले गरेको सम्झौताहरुको पालाना गर्न हामी फिलाडेल्फिया शिक्षक महासंघलाई बिन्ती गर्दछौं। हामीले पूर्ण रुपमा तलबमा कटौती गर्न खोजेको होइन, केवल सुबिधाहरुमा परिवर्तन गर्न खोजेका हौ जस्ले गर्दा बिद्यालयहरुलाई महत्वपूर्ण सेवाहरु प्रदान गर्न सकिन्छ।

आज घोषणा गरिएको कटौटीहरु पछी पनि यदी शिक्षक महासंघ र राज्यले ८.१ करोड बजेट हटाउन नसकेको खण्डमा हामीले अक्टोबर महिनाको बिचमा बिद्यालयको बजेट चलाऊनु पर्ने हुन्छ जस्ले गर्दा कक्षाको मात्रा बढाउनु पर्ने हुन्छ।

८.१ करोड हटाएपछी बिद्यालय जिल्लाले खाली अपर्याप्त सहयोग सामाग्रीहरु प्रदान गर्न सक्ने हुन्छ। हाम्रो बिद्यालयहरुमा परिवर्तनकारी लगानी गर्न हामीलाई क्रमिक राजास्व, राज्यको तहमा पैसा अर्जन गने निष्पक्ष सुत्र र कर्मचारीहरुको सुबिधाहरुमा सुधार चाहिन्छ।

हाम्रो बिद्यालय र विद्यार्थीहरुको लागि नराम्रो भएको कुराहरुलाई राम्रो बनाउन सक्ने शक्ती वयस्कहरु सँग हुन्छ। सम्पूर्ण विद्यार्थीहरुलाई धेरै राम्रो शिक्षा प्राप्त गर्न आधारभुत अधिकार मात्रै होइन तर नैतीक दायित्व पनि हो। हाम्रा विद्यार्थीहरुलाई राम्रो हुने कुराहरुको पछी लग्न फिलाडेल्फियाका बसिन्दाहरुले बिद्यालय जिल्ला सँग काम गर्ने छन् भनी आशा राख्दछु।

इमान्दारिताका साथ



अधिक्षक विलीयम आर हाइट